अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

थासाङ गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ५ | संख्याः ३ | मितिः २०७८/०३/२१ |

## भाग-२

# थासाङ गाउँपालिका

# लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८

<u>थासाङ गाउँ कार्यपालिकावाट स्वीकृत मितिः २०७८/०३/२१</u>

थासाङ गाउँपालिका

# लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८

**<u>प्रस्तावनाः</u>**

थासाङ गाउँपालिका भित्रका आपत्कालिन, जोखिम एवं लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको तत्काल संरक्षण, उद्धार, राहत र पारिवारिक पुर्नस्थापना गर्न, उनीहरुको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी परिचालन गर्न वाञ्छनिय भएकोले,

थासाङ गाउँपालिकाले नेपालको संविधानको अनुसूचि-८ र स्थानिय सरकार सञ्चालन ऐन,२०७४ ले दिएको अधिकारको प्रयोग गरि लैङ्गिक हिंसामा परेका पीडितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्न स्थापित कोषलाई यो कार्यविधि निर्माण गरि लागू गरेको छ ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

**<u>१. संक्षिप्त नाम र प्रारम्भः</u>**- क) यो कार्यविधिको नाम "लैगिंक हिंसा निवारण कोष सञ्चालन कार्यविधि - २०७८" रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**<u>२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-</u>**

क) "कोष" भन्नाले यस कार्यविधिको दफा ४ मा उल्लेख गरे बमोजिम स्थापना गरिएको स्थानीय लैगिंक हिंसा निवारण कोषलाई सम्झनुपर्दछ ।

ख) "गाउँपालिका" भन्नाले थासाङ गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

ग) "पीडित" भन्नाले कार्यविधिको दफा ४ मा उल्लेखित हिंसा पीडितहरुलाई सम्झनुपर्दछ ।

घ) "स्थानीय तत्काल उद्धार तथा राहत समिति" भन्नाले कार्यविधिको दफा ६ उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

**<u>३. कोषको उद्देश्यः</u>**

यस स्थानीय लैगिंक हिंसा निवारण कोषका उद्देश्य देहाय बमोजिम रहने छन ।

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ ।

(क) पीडितलाई तत्काल उद्दार गर्न,

(ख) पीडितलाई औषधी उपचार गर्न,

(ग) पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न ।

(घ) पीडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स लगायतका सेवा प्रदान गर्न,

(ङ) सीपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना खर्च रकम अनुदानको रुपमा प्रदान गर्न ।

(च) हिंसा पीडित र प्रभावित महिलाको लागि पुनर्स्थापना केन्द्र सन्चालन गर्न,

(छ) पीडितलाई पुनर्स्थापना गराउन,

(ज) उपनियम (च)मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तत्काल उद्धार तथा राहत समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्वसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ।

## परिच्छेद २

## कोषको स्थापना र व्यवस्था

**४. कोषको स्थापनाः**

(क) थासाङ गाउँपालिकाले तपसिल बमोजिमको लैङ्गिक हिंसामा परेका पीडितहरुलाई राहत तथा आर्थिक सहयोग गर्न स्थानीय लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिनेछः

- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार
- सामाजिक कुरीतिजन्य दुर्व्यवहार
- लैङ्गिक आधारमा हुने हिंसाहरु

(ख) स्थानीय लैंङ्गिक हिंसा निवारण कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

- संघीय तथा प्रदेश सरकारबाट कोषलाई प्राप्त हुने रकम,
- थासाङ गाउँपालिकाले यस कोषमा जम्मा गर्न पठाएको रकम,
- विभिन्न संघ-संस्था वा व्यक्तिबाट कोषलाई सहयोग स्वरुप प्राप्त हुने रकम,
- कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम आदि ।

**५.कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने**

(१) कोषको रकम दफा ८ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन

थासाङ गाउँपालिका

## परिच्छेद ३
## कोषको परिचालन र व्यवस्थापन

**६.** स्थानीय लैंङ्गिक हिंसा निवारण कोषको **व्यवस्थापन, सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको** स्थानीय तत्काल उद्धार तथा राहत समिति **रहनेछ** ।

| | |
|---|---|
| १) गाउँपालिकाका उपाध्यक्ष | संयोजक |
| २) सामाजिक विकास समिति संयोजक वा प्रतिनिधि १ जना | सदस्य |
| ३) गाउँ कार्यपालिकाको महिला सदस्य १ जना | सदस्य |
| ४) स्थानीय प्रहरी प्रमुख वा प्रतिनिधि १ जना | सदस्य |
| ५) गाउँ स्तरीय बालक्लव सञ्जालको प्रतिनिधि | सदस्य |
| ६) महिला अधिकारको क्षेत्रमा कार्यरत संघ संस्था मध्येबाट अध्यक्षले मनोनित गरेको १ जना | सदस्य |
| ७) महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य |

सचिव

**७. स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम, कर्तब्य र अधिकारः** स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ग) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउनेछ।

(घ) गाउँपालिकास्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(ङ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

**८. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः**(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ –

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन **पाँच सय रुपैयाँ** र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन **सात सय पचास रुपैयाँ**को दरले बढीमा **पाँच हजार रुपैयाँ,**

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन पाँच सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा

तीन दिनको बास खर्च वापत प्रतिदिन सात सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा **पाँच हजार रुपैया,**

(ग) कानूनी सहायतात, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि **पाँच हजार रुपैयाँ**मा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि बीउपूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा **वीस हजार रुपैया**,

(ङ) पुर्नस्थापनाको लागि बढीमा **पाँच हजार रुपैयाँ,**

(च) स्थानीय तत्काल उद्धार तथा राहत समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा **दश हजार रुपैयाँ।**

(छ) पीडितसँग कुनै बालबच्चा भए बालबच्चाका लागि पीडित सरहको खाना खर्च ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा स्थानीय तत्काल उद्धार तथा राहत समितिले त्यस्तो पीडितलाई पाँच हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल वाहिर रहे बसेको पीडितलाई सञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ।

**<u>९. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने:</u>**(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसूची १ बमोजिम कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा सञ्चालक समितिले दफा ८ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

**<u>१०. तत्काल रकम उपलव्ध गराउन सक्ने:</u>** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा र स्थानीय तत्काल उद्धार तथा राहत समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा स्थानीय तत्काल उद्धार तथा राहत समितिको अध्यक्षले आवश्यकता र औचित्यताका आधारमा मनासिव रकम कोषबाट पीडितलाई उपलव्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा स्थानीय तत्काल उद्धार तथा राहत समितिको अध्यक्षबाट पीडितलाई रकम उपलव्ध गराईएकोमा त्यसरी रकम उपलव्ध गराईए पछि वस्ने स्थानीय तत्काल उद्धार तथा राहत समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**<u>११ .थप रकम निकासा माग गर्न सक्ने:</u>** स्थानीय तत्काल उद्धार तथा राहत समितिबाट कोषमा भएको रकम अपर्याप्त भएमा स्थानीय तत्काल उद्धार तथा राहत समितिले सोको कारण खुलाई गाउँ कार्यपालिकासँग थप रकम माग गर्न सक्नेछ।

## परिच्छेद ४

## <u>खाता सञ्चालन</u>

**<u>१२ .छुट्टै खाता खोल्नु पर्ने:</u>**

(१) स्थानीय लैङ्गिक हिंसा निवारण कोषमा प्राप्त भएको रकम कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(३) यस कोषको रकम फ्रिज नहुने खातामा राख्नुपर्दछ ।

## परिच्छेद ५

## <u>कोषको लेखा र लेखा परिक्षण:</u>

१३. कार्यालयमा स्थापना भएको स्थानीय लैङ्गिक हिंसा निवारण कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धित आ.ले.प. शाखाबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

## परिच्छेद ६

## विविध

**<u>१४. व्याख्या गर्ने अधिकार:</u>** यो कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयनमा कुनै द्धिविधा परेमा त्यसको व्याख्या गर्ने अधिकार कार्यालयलाई रहनेछ ।

**<u>१५. बाधा अड्काउ फुकाउने अधिकार:</u>** यो कार्यविधि कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अन्तिम अधिकार गाउँपालिकामा सुरक्षित रहनेछ ।

अनुसूची १

कार्यविधिको दफा ९ को उपदफा (१) सँग सम्बन्धित

बिषयः सहयोग उपलब्ध गराई पाउँ ।

**श्री अध्यक्षज्यू,**
स्थानीय तत्काल उद्धार तथा राहत समिति,
थासाङ गाउँपालिका, कोवाङ, मुस्ताङ ।

म थासाङ गाउँपालिका वडा नं. .. मा बस्ने बर्ष ...... को .............................. मिति .................मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक अवस्था ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (............................) भएकोले मेरो मानसिक/शारिरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार/कानूनी सहायता एवं परामर्श/ उद्धार/मनोवोमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य ..................कामको लागि सहयुगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयु रकम उपलव्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदकको:
नाम, थरः
ठेगानाः
दस्तखतः
मितिः

**आज्ञाले,**
**सन्तोष कुमार खत्री**
**प्रमुख प्रशासकीय अधिकृत**